भंगहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भंगहा, महोत्तरी
प्रदेश-२, नेपाल
२०७४

निर्णयहरु.

१. यस नगरपालिकामा सामुदायिक सेवा प्रतिष्ठान भक्तपुरले महिलाहरुका लागि प्रजनन स्वास्थ्य सम्बन्धी २ दिने निःशुल्क स्वास्थ्य सेवा सिविर यही असोज १७ र १८ गते संचालन गर्ने भएकोले उक्त सिविरमा आउने स्वास्थ्य कर्मीहरुको टोलीको होटल बास, खाना खर्च र प्रचार प्रसार (माईकिङ्ग) खर्च नगरपालिकाले बेहोर्ने ।

२. वडा कार्यालयका लागि १ जना सहायक कम्प्युटर अपरेटर सेवा करारमा लिने ।

३. रातु नदिमा यस नगरपालिकाको वडा नं.५ र ६ जोडने झोलुङ्गे पुल निर्माण गर्न डि.पि.आर. तयार गर्ने ।

४. भूतहा खोलामा निर्माण भएको वडा नं.४ र ५ जोडने पक्की पुलको दुबै तर्फ वालहरु निर्माण र माटो भरी पुल संचालनमा ल्याउन डि.पि.आर. तयार गर्ने र सोका लागि आवश्यक बजेट प्रदेश सरकार (प्रदेश नं.२) संग बजेट माग गर्ने ।

५. बिगतमा नगरपालिकाले भाडामा लिएको घरधनीको घरमा भएको क्षतिको प्राप्त प्राविधिक लागत अनुमान लाई आधार मानि घरधनीलाई क्षतिपूर्ती वापत रु.९०(नब्बे) हजार भुक्तानी दिने ।

६. <u>विविध फुटकर खर्चबाट देहाय बमोजिम खर्च गर्ने ।</u>

क) प्रदेश सरकारको समपुरक अनुदानबाट प्राप्त हुने रु.२० लाख मा नगरपालिकाका तर्फबाट समपुरक रकम रु.२० लाख थप गरी धर्मपुरमा बाटो पि.सि.सि ढलान गर्ने ।

ख) वडा नं.९ मा निर्माणाधिन बर्थिङ्ग सेन्टर भवनका लागि थप रु.५ लाख ।

ग) वडा नं.६ जमुनियामा बलभद्र मन्दिर निर्माण गर्न रु.५ लाख ।

घ) श्री मा.वि. सीतापुर, सिद्धपुर, भंगहाको गेट निर्माण गर्न रु.५ लाख ।

ङ) वडा नं.५ सिद्धपुर वातर टोलको अधुरो सामुदायिक भवन निर्माण गर्न रु.३ लाख ।

७. सडक बोर्ड बाट प्राप्त हुने रकमबाट वडा नं.४ फेकन ठाकुरको खेत देखि जवाहर शेखको घर हुँदै खोरिया सम्मको सडक ग्राभेल गर्ने ।

८. देहाय बमोजिमको बजेट रकमान्तर गर्ने ।

क) वडा नं.२ सिंग्याही बजार देखि कोरिया टोल सम्म बाटो ग्राभेल गर्न छुट्याईएको रकम रु.२० लाख बाट साविक वडा नं.८ थारुटोल तथा मुसहरी टोलमा बाटो पि.सि.सि. ढलान गर्न रु.१० लाख रकमान्तर गर्ने ।

ख) वडा नं.१ कविलाशा पुर्वारीटोल-साउजीटोलमा नाला निर्माण गर्न छुट्याईएको रु.५ लाख रकमान्तर गरि सलहेश मन्दिर निर्माण गर्ने

ग) सबै वडामा भूइया मन्दिर निर्माण गर्न छुट्याईएको रु.१५ लाख बाट देहाय बमोजिम रकमान्तर गर्ने ।

अ) वडा नं.४ मा साह सेवा समित भवन निर्माण गर्न थप रु.८ लाख ।

आ) वडा नं.३ भंगहा गुलशने नुरी मस्जिद पलास्टर र कम्पाउण्ड वाल निर्माण गर्न रु.७ लाख ।

९. सीतापुर बाजरको ठेक्का लगाउने अधिकार श्री मा.वि. सीतापुर, सिद्धपुर लाई दिने ।

१०. कृषि कार्याक्रम शिर्षकबाट बढीमा रु.५ लाख सम्मको स्पेयर टंकी खरिद गर्ने ।

११. श्री किशोरी जनता मा.वि. भंगहा-९ हरिहरपुर हरिणमरीलाई कक्षा -११ मा साधरण तर्फ शिक्षा शास्त्र र प्राविधिक तर्फ इलेक्ट्रिकल इन्जिनियर विषयको अध्ययन अध्यापन अनुमति दिने ।

१२. विद्यार्थी संख्या कम भएकाले श्री सरस्वती दलित आ.वि. (०-३) भंगहा-९ हरिहरपुर हरिणमरिलाई श्री किशोरी जनता मा.वि., हरिहरिपुर हरिणमरिमा गाभ्ने ।

१३. देहाय बमोजिम संस्थागत विद्यालय संचालन गर्न अनुमति दिने ।

| क.स. | विद्यालयको नाम/ठेगाना | अनुमति प्राप्त तह | अनुमति प्राप्त कक्षा | विद्यालय प्रकार |
|---|---|---|---|---|
| १ | श्री न्यू क्वालिटि रेसिडेन्टल मन्टेश्वरी एकेडेमी, भंगहा-५, राजपुर | आ.वि. (०-५) | १ | निजी गुठी |
| २ | श्री न्यू सिद्धबाबा एकेडेमी, भंगहा-५ | आ.वि. (०-५) | १ | निजी गुठी |
| ३ | श्री फ्लोरेन्स नाइटिङ्गेल इङ्गिस बोर्डिङ्ग स्कूल | आ.वि. (०-५) | १ | कम्पनी |

०७५।६।१२
प्रमुख प्रशासकीय अधिकृत

भंगहा नगरपालिका
नगरकार्यपालिका को कार्यालय
भंगहा महोत्तरी
प्रदेश २ नेपाल
२०७४

१४. देहाय बमोजिम दरबन्दी सहित शिक्षकहरुको सरुवा गर्ने ।

| क.स. | शिक्षकको नाम | तह/श्रेणी | स्थायी/करार/राहत | हालको विद्यालय | सरुवा भइ जाने विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | श्री रामशंकर यादव | नि.मा.वि./तृतीय | स्थायी | श्री मा.वि. भंगहा, सीतापुर सिद्वपुर, भंगहा-५ | श्री सरयुग आसाराम आ.वि. (०-८), भंगहा-८, धर्मपुर |
| २ | श्री उमेश चन्द्र यादव | नि.मा.वि./तृतीय | राहत | श्री सार्वजनिक मा.वि., भंगहा-९, भिमगढ | श्री महेन्द्र मा.वि., भंगहा-२ सिंग्याही |
| ३ | श्री खेमराज पौडेल | नि.मा.वि./तृतीय | स्थायी | श्री सरयुग आसाराम आ.वि. (०-८), भंगहा-८, धर्मपुर | श्री रामजानकी आ.वि. (०-८), भंगहा-१, कविलासा |
| ४ | श्री महेश्वर प्रसाद साह | नि.मा.वि./तृतीय | स्थायी | श्री मा.वि. भंगहा, सीतापुर सिद्वपुर, भंगहा-५ | श्री सार्वजनिक मा.वि., भंगहा-९, भिमगढ |
| ५ | श्री विष्णु देव साह | प्रा.वि./द्वितीय | स्थायी | श्री मा.वि. भंगहा, सीतापुर सिद्वपुर, भंगहा-५ | श्री जनता आ.वि. (०-५), भंगहा-३, कटैया |
| ६ | श्री मैनुदिन शेख | प्रा.वि./द्वतीय | स्थायी | श्री मा.वि. भंगहा, सीतापुर सिद्वपुर, भंगहा-५ | श्री रामजानकी आ.वि. (०-८), भंगहा-१, कविलासा |
| ७ | श्री रामबाबु मण्डल | नि.मा.वि./तृतीय | स्थायी | श्री रामजानकी आ.वि. (०-८), भंगहा-१, कविलासा | श्री महेन्द्र मा.वि., भंगहा-२ सिंग्याही |
| ८ | श्री राम सोगारथ राम | प्रा.वि./तृतीय | स्थायी | श्री जनता आ.वि. (०-५), भंगहा-३, कटैया | श्री वि.पी. स्मारक आ.वि. (०-५), भंगहा-९, अजगेवा |

१६. शिक्षक दरबन्दीको राहत अनुदान कोटाहरु देहाय बमोजिम संसोधन गरी कायम गर्ने ,

| क.स. | दरबन्दीको किसिम | तह/श्रेणी | हाल दरबन्दी रहेको विद्यालय | दरबन्दी कायम गरिएको विद्यालय |
|---|---|---|---|---|
| १ | राहत अनुदान | नि.मा.वि./तृतीय | श्री सार्वजनिक मा.वि., भंगहा-९, भिमगढ | श्री मा.वि. भंगहा, सीतापुर सिद्वपुर, भंगहा-५ |
| २ | राहत अनुदान | नि.मा.वि./तृतीय | श्री किशोरी जनता आ.वि., भंगहा-९ हरिहरपुर हरिणमरी | श्री मा.वि. भंगहा, सीतापुर सिद्वपुर, भंगहा-५ |

०७८/३/१२
प्रमुख प्रशासकीय अधिकृत